सुनवल नगरपालिका
Sunwal Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
सुनवल, नवलपरासी, लुम्बिनी प्रदेश, नेपाल
Sunwal, Nawalparasi, Lumbini Province, Nepal

प.स.(Letter N.)
चलानीनं.(Ref. N.)

मिती :२०७८/११/०५

# सुनवल नगरपालिकाको भूमि सम्बन्धि अत्यन्त जरुरी सूचना

उपरोक्त सम्बन्धमा राष्ट्रिय भुमी आयोगको मिती २०७८/०९/२४ को सूचना बमोजीम भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थीत बसोवासीको व्यवस्थापन गर्ने प्रयोजनका लागी स्थानीय तहका भूमीहीन दलीत , भूमीहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फारम भर्ने सम्बन्धमा राष्ट्रिय भूमी आयोग गठन आदेश २०७८ बमोजिम यस सुनवल नगरपालिकामा मिती २०७८ माघ १८ गतेदेखी ३५ दिने सुचना जारी भै सकेको हुदाँ यहि **मिति २०७८।११।०८ देखि मिति २०७८।११।१४ गते भित्र** प्रत्येक वडा कार्यालयमा लगत संकलक निवेदन फारम भर्न खटिने भएको हुदा **गत बर्ष फारम भर्न छुटेका तथा सच्याउन पर्ने व्यक्ति तथा परिवारले मात्र** फारम भर्न तपसिल बमोजिम विवरण सहित वडा कार्यालयमा लगत संकलक समक्ष निवेदन फारम पेस गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

## भूमिहीन दलित /भूमिहीन सुकुम्बासीले पेश गर्नु पर्ने तथा तयारी अवस्थामा राख्नुपर्ने कागजातहरु :

१.परिवारमूलीको पति र पत्नीको नेपाली नागरिकताको २/२ प्रति फोटोकपि र पासपोर्ट साइजको २/२ प्रति फोटो

२. नागरिकता प्राप्त परिवारका सबै सदस्यको नेपाली नागरिकताको १/१ प्रति फोटोकपि

३.उपभोगको प्रमाणहरु :

- विद्युत /पानीको महशूल तिरेको रसिद
- स्थानीय तहले दिएको सिफारिस
- घरसारको कागजको प्रतिलिपि
- भोगचलन गर्न दिएको प्रमाणको प्रतिलिपी
- घरनक्सा पासको प्रतिलिपि र विगतका आयोगले दिएको निस्सा
- अन्य भएमा कुनै प्रमाणहरु

## अव्यवस्थित बसोबासीले पेश गर्नुपर्ने तथा तयारी अवस्थामा राख्नुपर्ने कागजातहरु :

१.परिवारमूलीको पति र पत्नीको नेपाली नागरिकताको २/२ प्रति फोटोकपि र पासपोर्ट साइजको २/२ प्रति फोटो

२. नागरिकता प्राप्त परिवारका सबै सदस्यको नेपाली नागरिकताको १/१ प्रति फोटोकपि

Scanned with CamScanner

३.उपभोगको प्रमाणहरु :

- विद्युत /पानीको महशूल तिरेको रसिद
- स्थानीय तहले दिएको सिफारिस
- घरसारको कागजको प्रतिलिपि
- भोगचलन गर्न दिएको प्रमाण
- घरनक्सा पासको प्रतिलिपि र विगतका आयोगले दिएको निस्सा
- मतदाता परिचयपत्र
- स्थानीय तहले घरधुरी कायम गरी कर संकलन गरेको प्रमाण

४..आफू र परिवारका सवै सदस्यको नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपि र सम्बन्धीत स्थानीय तहले सम्पत्ती कर प्रयोजनको लागि निर्धारण गरेको मूल्याकंन सम्बन्धी स्थानीय तहको पत्र ।

५.जग्गाधनी पूर्जा भएको तर प्राकृतिक प्रकोपको कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना नभई त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेका भूमिहीनको हकमा सो विषयको मालपोत कार्यालयको लगत कट्टा समितिको निर्णय र मालपोत कार्यलयको पत्र पेश गर्ने ।

६. माग गरेको जग्गामा निवेदकले दश (१०) वर्ष अधिबाट आवाद कमोत गरि आएको हो भनी प्रमाणित गरेको सम्बन्धीत नगर कार्यपालिकाको निर्णय बमोजिमको सिफारिस

७.उपलब्ध अन्य प्रमाणहरु ।

.............................

विष्णु प्रसाद गोतामे
उप-सचिव

विष्णु प्रसाद गोतामे
उप-सचिव

Scanned with CamScanner